Received Date: Oct. 2024 Revised: Nov. 2024 Accepted: Dec. 2024

# उदयपुर गाईघाटस्थित मुढगडाको परीक्षण उत्खनन्

**प्रकाश दर्नाल**

पुरातत्वविद्

इमेल : darnalp@gmail.com

Doi: https://doi.org/10.3126/hisan.v10i1.74909

## सार

*उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा त्रियुगा नगरपालिका रहेको छ । यसको पूर्वमा चौदण्डीगढी नगरपालिका, उत्तरमा रौतामाई गाउँपालिका र खोटाङ जिल्ला, पश्चिममा उदयपुरगढी गाउँपालिका र सप्तरी जिल्ला तथा दक्षिणमा सप्तरी जिल्ला रहेका छन् । त्रियुगा नदीलाई प्राचीनकालमा तिरुवा भनिन्थ्यो र पछि अपभ्रंश भई त्रियुगा भनिएको भन्ने मान्यता रहँदै आएको छ । चुरे पहाड, भित्री मधेश, महाभारत श्रृंखलाका रुपमा उदयपुरको भूगोलको स्वरुप रहेको छ । यसको दक्षिणको भाग विदेह वा मिथिला र उत्तरी भाग माझ किरातको प्रभाव क्षेत्रमा प्राचीनकालदेखि रहदै आएको पाइन्छ । विदेहको सीमाना पूर्वमा कोशी नदी, दक्षिणमा गंगा नदी, उत्तरमा हिमालय पहाड र पश्चिममा गण्डकी नदी थियो । उदयपुर जिल्ला पुरातात्विक दृष्टिकोणले ज्यादै महत्वपूर्ण रहेको पाइन्छ । यहाँ पूर्वपाषाण कालदेखिका ढुङ्गे चिहान संस्कृतिसम्म, किरातकालदेखि सेन कालसम्मका प्रमाणहरु भेटिन्छन् । हालै पुरातत्व विभागबाट उदयपुर जिल्लाको गाईघाटस्थित त्रियुगा नगरपालिका वडा नं ३ मा त्रियुगा जनता क्याम्पस हातामा अग्लो ढिस्को माथि बनाइएको शिव मन्दिरको दक्षिणमा ईंटाका टुक्राहरु, कुँदिएका प्रस्तरहरु भेटिएकाले यसको उत्खनन् गरिएको छ । प्रस्तुत अध्ययनको उद्देश्य त्यही उदयपुर गाईघाटस्थित मुढगडाको परीक्षण उत्खनन्सँग सम्बन्धित रहेको छ ।*

***शब्दकुञ्जी :*** पूर्व पाषाण, ढुङ्गे चिहान संस्कृति, नागा, मणिमाला, किरात, लिम्बु, पुरातात्विक स्थल, किलाक्षर

## परिचय

उदयपुर जिल्ला नेपालको भूगोलमा ८६'९" पूर्व देखि ८७'१०" पूर्व देशान्तर र २६'२९" देखि २७'११" उत्तरी आक्षांशमा पर्दछ भने यसको क्षेत्रफल २०६३ वर्ग कि.मि.रहेको छ । उदयपुर जिल्लाको गाईघाटस्थित त्रियुगा नगरपालिका वडा नं ३ मा त्रियुगा जनता क्याम्पस हातामा अग्लो ढिस्कोमाथि बनाइएको शिव मन्दिर रहेको छ । यसैको दक्षिणतर्फ रुखको फेदमा खण्डित अवस्थामा थुपारेर राखिएका प्रस्तरका मूर्तिहरु रहेका छन् । यसलाई मुढगडा भनिन्छ । स्थानीय भाषामा मोतीगरा पनि भन्ने गरिएको पाइन्छ । उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा त्रियुगा नगरपालिका रहेको छ । यसको पूर्वमा चौदण्डीगढी नगरपालिका, उत्तरमा रौतामाई गाउँपालिका र खोटाङ जिल्ला, पश्चिममा उदयपुरगढी गाउँपालिका र सप्तरी जिल्ला र दक्षिणमा सप्तरी जिल्ला रहेका छन् । त्रियुगा नदीलाई प्राचीनकालमा तिरुवा भनिन्थ्यो, पछि अपभ्रंश भई त्रियुगा भनिएको मानिन्छ ।

चुरेपहाड, भित्री मधेश, महाभारत श्रृंखलाका रुपमा उदयपुरको भूगोलको स्वरुप रहेको छ । यसको दक्षिणको भाग विदेह मिथिला र उत्तरी भाग माझकिरातको प्रभाव क्षेत्रमा प्राचीनकालदेखि रहँदै आएको छ । विदेहको सीमाना पूर्वमा कोशी नदी, दक्षिणमा गंगा नदी, उत्तरमा हिमालय पहाड र पश्चिममा गण्डकी नदी रहेको थियो । वेलकतारी जङ्गलमा कोशी नदीको पश्चिमी किनारामा पूर्व पाषाण (Palaeolithic) औजार प्राप्त

भएको कुरा प्रकाशमा आए पनि उल्लेखित औजारको वैज्ञानिक परीक्षण र थप अन्वेषण एवं अध्ययन नगरी पूर्व पाषाण औजारका रुपमा मान्यता दिन सकिने अवस्था छैन् (सगरमाथा, २०७० : १) ।

नवपाषाण युगपछि अर्थात मानिसले धातुको आविष्कार गरी प्रयोग गर्न थालेदेखि लेखनकला (लिपि) को आविष्कार र प्रयोग शुरु नगरेसम्मको सांस्कृतिक चरणलाई सह इतिहास (Protohistory) भनिन्छ । यस चरणमा मानव संस्कृतिको विभिन्न विकसित संस्कृतिहरुमध्ये एउटा ढुङ्गे चिहान संस्कृति (Megalithic culture) पनि हो । वि.सं.२०४८/४९ मा उदयपुर जिल्लाको सुन्दरपुर गा.वि.स.को हटिया गाउँ, ठोकशिलाको बेलका राजारानीको किल्ला र खाबु गा.वि.स.को नामन्त, हात्तीसार, जमारे र हुमाखोलामा प्राचीन चिहानहरु स्थानीय मानिसहरुले व्यापक रुपमा खनेर नष्ट पारी पुलिक, वाछीममाला आदि भनिने पुराना माला (Beads) हरु र अन्य गरगहनाका अवशेषहरु निकालेका थिए । यस ढुङ्गे चिहान संस्कृतिसँग सम्बन्धित मानिसको स्वरुप वा अवशेष खोज्दै जाँदा किरात जातिको इतिहास केलाउनु आवश्यक देखिन्छ । किरातहरुलाई काठमाडौं उपत्यकामा लिच्छविहरुले दोस्रो तेस्रो शताब्दीतिर पराजित गरेपछि उनीहरु पूर्वतर्फ लागेका थिए । मध्यकालसम्म आइपुग्दा उनीहरु तामा कोशीदेखि अरुण नदीसम्म फैलिएका थिए र हालसम्म पनि त्यही स्थामा बसोवास गर्दैछन्  र उनीहरु नै वर्तमान समयमा राई र लिम्बुहरु जतिको नामले परिचित रहँदै आएका छन् ।

इमानसिं चेम्जोङका अनुसार नवौं शताव्दीमा किराती राजा मावोहाङका छोरा मुङाहाङले नागा जातिका मुखिया छोङ्गदेनहाङलाई परास्त गरेकाले उनीहरु आसामतिर बसाईं सरेका थिए । लिम्बुवानमा नागजातिको पुरानो चिहान खन्दा भेटिने एक किसिमको मालालाई नागाहरु मणिमाला र लिम्बुहरु मायाची भन्छन् । यसबाट किरात जातिका मानिसहरु त्यहाँ आउनु भन्दा अगाडि नागा जाति मानिसहरु बस्ने गरेको देखिन्छ । केही शताब्दीसम्म उनीहरु सँगै बसे पनि पछि किरातहरुले उनीहरुलाई पराजित गरेपछि नागाहरु पूर्व आसामतिर लागेका थिए । इ.पू.तेस्रो दोस्रो शताव्दीदेखि ईशाको नवौं शताव्दीसम्म ढुङ्गे चिहान संस्कृतिका अनुयायी नागा जातिको त्यहाँ बसोबास थियो भन्ने देखिन्छ (सगरमाथा, २०७० : २) ।

रामायणकालमा विदेहको उल्लेखनीय भूमिका रहेको थियो । समुद्र गुप्तको ईशाको तेस्रो शताव्दीको इलाहावाद अभिलेख अनुसार नेपाल कामरुप र कर्तृपुर बीच रहेको उल्लेख छ । चाँगुनारायणको मानदेव अभिलेखमा पनि पूर्वमा कोशी क्षेत्रको सामन्तलाई दवाएको भन्ने छ । पूर्वमध्यकालमा किरातहरु वर्तमान ओखलढुङ्गा, खोटाङ, उदयपुर आदि जिल्लाहरुमा व्यवस्थित बसोबास गर्दै आएका थिए भने तराईका जिल्लाहरु सिराहा, सप्तरीमा तिरहुत (तिरभुक्ती) कर्णाटवंशी राजाहरुको मातहतमा थियो भन्ने कुरा खोक्सार, चन्द्रभागा क्षेत्रका अवशेषहरुले देखाउछ (सगरमाथा, २०७० : ६) ।

तिरहुतको पूर्वी सीमाना कोशी नदी थियो । सन् १३२५/२६ मा दिल्लीका सुल्तान गयासुद्दिन तुगलकले हरिसिंह देवलाई पराजित गरेपछि सन् १३५३ देखि स्थानीय कामेश्वर ठाकुर (ओइनवार वंशी) लाई शासन चलाउन दिएका थिए । पछि पाल्पा राज्यका सेन राजाहरुको अन्तर्गत आई मकवानपुर राज्यको चौदण्डीबाट प्रशासित थियो । वि.सं.१८२९ मा माझकिरात र १९३० मा चौदण्डीगढी नेपालमा एकीकृत भयो । पुरातत्वविद् चन्द्रप्रसाद त्रिपाठीले" नेपाली पुरातत्वमा पछिल्लो केही उपलव्धीहरु" (अप्रकाशित) को पृष्ठ ७२ मा खोकसारलाई तिरहुत कर्णाटक संस्कृति भएकोले यसको विस्तृत उत्खनन् भएमा यसक्षेत्रको नमूना स्थान बन्न सक्ने विचार राखेका छन् ।

## मुढगडाको उत्खनन्

उदयपुर जिल्लाको गाईघाट सदरमुकामस्थित त्रियुगा नगरपालिकाको मेयर वशन्त बस्नेतको विशेष पहलमा वडा नं. ३ मा अवस्थित त्रियुगा पब्लिक मल्टिपल क्याम्पस हातामा रहेको शिवमन्दिरको दक्षिणमा ईंटाका टुक्राहरु, कुँदिएका प्रस्तरहरु भेटिएकाले यसको उत्खनन् गरी तथ्य पत्ता लगाउन पुरातत्व विभागलाई पत्र लेखेका थिए । त्रियुगा नगरपालिकाले नै सम्पूर्ण खर्च व्यहोर्ने शर्तमा पुरातत्व विभागले पुरातत्वविद् देवेन्द्रनाथ तिवारी र प्रकाश दर्नाल, आर्किटेक्ट रोशनी डंगोल, फोटोग्राफर रामचन्द्र श्रेष्ठ र फिल्ड सहायक विराट थापा सहित पाँचजनाको टोलीलाई २०७९/१०/९ गतेदेखि २०७९/१०/२३ सम्म १५ दिनको काजमा खटाइएको थियो ।

नयाँ निर्माणाधिन शिव मन्दिरको दक्षिणतर्फ पिपलको रुखनिर तोरणको स्तम्भ बुट्टा भएका प्रस्तरहरु राखी पूजा गरेको स्थानमा शुरुमा ४ मिटर लम्बाई र ४ मिटर चौडाईको ट्रेन्च लेआउट गरी उत्खनन् कार्य शुरु गरिएको थियो । उत्तरबाट पूर्व हुँदै पश्चिम तर्फ ईंटाको गारो फैलिएको देखेपछि ट्रेन्च बढाउदै उत्तरपूर्वदेखि दक्षिणपूर्वसम्म ६ मिटर., दक्षिणतर्फ १० मिटर र दक्षिणपश्चिमदेखि उत्तरपूर्वसम्म १२ मिटरको ट्रेन्च बनाइएको थियो ।

पूर्वतर्फ १.०२ मि. चौडाइको ३.७० मि. लामो गारो, दक्षिणमा १.०२ मि.चौडाइको, ९.२५ मि.लामो गारो र पश्चिममा ९.२५ मि. लामो गारो शिवमन्दिरको पेटीतिर मोढिएको पाइयो । शिवमन्दिर पुरानो गारो माथि बनाइएको भेटियो । यहाँ विभिन्न नापका ईंटाहरु देखियो । सबभन्दा ठूलो ३६x२२ x ५  से.मि. को थियो भने सबभन्दा सानो २२ x १४ x ५ से.मि को थियो । यहाँ २६ x १९ x ६ से.मि., २५ x २२ x ६ से.मि., २६ x १५ x ८ से.मि, २२ x २० x ६ से.मि ३१ x २४ x ६ से.मि र २३ x ११ x ६ से.मि.का ईंटाहरु प्रयोग भएको पाइयो । दक्षिण पश्चिमको कुनाको गारोको जग हेर्दा २२ कोर्श (सल) देखियो । यसको ठ्याक्कै अगाडि १९ सलको पुरानो गारो संगै पूर्वतिर गएको पाइयो । यस ट्रेन्चबाट माटोको गाग्रीको घाँटीको टुक्रा १, ढकनी १ र माटोको भाँडाका टुक्राहरु केही भेटिएको छ । शिवमन्दिरको दक्षिण पश्चिममा पानी ट्यांकी घरको पश्चिम सानो ढिस्को भएको ठाउँमा पनि उत्खनन् गरेर हेर्दा उत्तर, पूर्व र पश्चिममा गारो देखिएको तर माझमा ईंटा झिकेकोले झट्ट हेर्दा इनार जस्तो खाल्डो देखिए पनि दक्षिणतर्फ उत्खनन् गर्न बाँकी रहेकोले निर्क्यौल गर्न सकिएन । पश्चिमतर्फ डिलमा सालको रुख छ ।

## खाट मन्दिर

यो मन्दिर त्रियुगा नगरपालिका वडा नं. ८ स्थित बाघचौरीमा पर्दछ । यो मन्दिर गाईघाट देखि ८ कि.मि. पश्चिममा छ । यहाँ प्रस्तरको खाटलाई पूजा गरिने भएकोले खाट मन्दिर भनिन्छ । वि.सं.२०५६ सालमा मन्दिर बनाई प्रस्तर खाटलाई मन्दिर भित्र पारेर पूजा गर्न थालिएको देखिन्छ । प्रस्तर खाटको लम्बाई २ मि., चौडाई १.०१ मि.उचाइ ४४ से.मि. र मोटाइ १३ से.मि.छ । मन्दिर बाहिर पनि सानो आकारको प्रस्तर खाट रहेको छ ।

जनश्रुती अनुसार प्राचीनकालमा शाही राजा र सरश्वती रानी वनविहारमा जाँदा उक्त स्थानमा मनोविनोदको लागि जुवा खेलेका थिए । ढुङ्गामा बसेर राजारानीले जुवा खेलेको आयाताकार आकारको ठूलो ढुङ्गामा राजारानी घुँडा मारेर कौडा (जुवा) खेलेको र कौडीको आकार प्रकार पनि स्पष्ट रहेको देख्न सकिन्छ । तर अर्को किंवदन्ती अनुसार राजा रानी बीच जुवा खेलिएपछि शर्त अनुसार पराजित राजाको टाउको रानीले काटेर

हालको मोतीगडामा गाडेकी थिइन् । राजाको टाउको (मुढ) गाडिएकोले मुढगडा भनिएको स्थान अहिले पनि अस्तित्वमा रहेको छ भने उक्त स्थानको नामाकरण अपभ्रंश भई मोतीगडा हुन पुगेको छ । खाट मन्दिरको आसपासको क्षेत्रमा उत्खनन् गर्ने हो भने पुराना ईंटाहरु प्रशस्त मात्रामा पाइन्छ । जे होस् तिनै जुवाडे राजारानीको सम्झनामा कार्तिक शुक्ल षष्ठीदेखि एकादशीसम्म ६ दिन उक्त स्थानमा मेला लाग्ने परम्परा रहि आएको छ (त्रि.न.प.प्रो. २०७९, ४८) ।

खाट मन्दिरको पछाडि अग्लो स्थानमा ईंटाको गारो देखिएकोले उ.द. ५ मि. र पू.प. ४ मि.को ट्रेन्च लेआउट गरी उत्खनन् कार्य शुरु गर्दा उत्तरतर्फ गारो २ सलको मात्र भेटिएको थियो । यहाँ दतिवनको रुख छ । दक्षिण पश्चिम तर्फ ईंटा कहीं कहीं १ मिटर ४० से.मि. x २.७० मि. क्षेत्रमा मात्र देखिएको थियो । ईंटाको साइज२६ x १८ x ३ से.मि. र २० x १५ x ५ से.मि को थियो ।माटाका भाँडाका टुक्राहरु एक दुईवटा, फलामको किला र झिंगटीका टुक्राहरु भेटिएको थियो । झिंगटीको बीचमा प्वाल भएको पाइयो । यस ट्रेन्चमा अन्य कुनै संरचना नदेखिएपछि यसको ड्रइङ्ग, नाप र फोटो लिएर उत्खनन् बन्द गरिएको थियो ।

## मुख्य पुरातात्विक स्थलहरु

### जलजला

उदयपुर जिल्लामा धेरै महत्वपूर्ण पुरातात्विक स्थलहरु छन् । ती मध्ये वडा नं. ६ स्थित जलजला पनि एक भएको तथ्य स्थलगत भ्रमणको अवसरमा पाइयो । ट्राफिक्चोकको केही पश्चिम सडकको पूर्वपट्टि ढिस्को छ । यहाँ ईंटाको १८ सल गारो भएको ८० से.मि. अग्लो छ । ईंटाको नाप २० x १६ x ३, २३ x१९ x ५, २५ x २३ x ४ से.मि. छ । यहाँ करीव १ कि.मि. सम्म ढिस्कोहरु देखिन्छ । सडकको पश्चिमतर्फ छोर्तेन पाइन्छ । यसको पछाडि पनि चिहानहरु छन् । ईंटाका ढिस्कोहरु यत्रतत्र छरिएको देख्न सकिन्छ ।

### दमौती

गाईघाटबाट टेम्पुमा आधा घण्टा गएपछि दमौतीस्थित जनता माध्यमिक विद्यालय पुग्न सकिन्छ । हामीलाई बाटो देखाउन पुण्यध्वज कार्की गएका थिए । दमौती पुगेपछि घनवीर वि.क.र ढकबहादुर थापा पनि पुरातात्विक स्थल देखाउन हामीसँग आएका थिए । सबभन्दा पहिले हेमनाथ ढुङ्गानासंग गाउँमा भएको हात्तिका दाँतको दुई जीवाष्म २४ x १८ x१२ से.मि. र १९ x ६ से.मि.) हेर्ने मौका मिल्यो । त्यही भानुभक्त ढुङ्गानाको घरमा भएको ढुङ्गाको सिलौटा (३४ x १५ x १३ से.मि.) पनि अवलोकन गर्न पाइयो । यो सिलौटामा भएको छिनाको डोवलाई लिपि भनी कौशल चेम्जोङले तिरुवा लिपि (चेम्जोङ, २०७८,३५) भने तापनि यो कुनै अक्षर नभएर छिनाको डोवमात्र भएकोले यसको साँस्कृतिक महत्वमात्र देखिन्छ । जंगलको टुँडिखेल जाँदा ईंटाका टुक्राहरु, गारो देखेको । खोलामा पनि ईंटाका टुक्राहरु र ढिस्को भेटिएको । त्यहाँबाट रैका गाउँ गई अनुमाया मगरको सहयोगमा भीरमा भएको इनारको भग्नावशेष हेऱ्यौं । ईंटाले बनेको यो इनार जमिन सतहमा निर्माण गरिएको भए पनि अहिले इनार मुनिको सतह वगेर गई डाँडामा झुण्डिएको अवस्थामा छ । यसको व्यास १.५५ मि., घेरा १.९० मि., ४० से.मि. चौडा र ९६ से.मि. उचाई रहेको छ ।

### कोल्टेगढी

कोल्टेगढी (राजाजी थान) को पूर्वपट्टि वलान खोला छ । ईंटाहरु छरिएका छन् । ईंटा (२३ x १५.५ x ४.५ से.मि.) प्रस्तर मूर्ति, टेराकोटाको मूर्ति, विड देखिन्छ (गरमाथा, २०७० : २४) ।

## चौदण्डीगढी

चौदण्डीगढी वडा नं. ९को भीमसरदारस्थित प्रस्तरको रेखालाई किलाक्षर ? भनिए पनि लिपि नभएको। यस प्रस्तरको आसपासमा टुटेफुटेका माटाका भाँडाकुँडा, फुटेका ओखल, ईंटाका टुक्राहरु र जीमाला खोजेको खाडल भेटिने । यसको नजिकै वेलका गढ र टङकेला गुफा भीमको थान भएको (सगरमाथा, २०७० : ३९) ।

## टङकेला गुफा

यो गुफा वेलका नगरपालिका वडा नं. ६ मा पर्दछ । यो गुफामा शिव र वृकासरको कथा छ । शिव लुकेर वसेको यो गुफामा वृकासुर पच्छ्याउदै आएपछि शिव भागेर हलेसी गएको भनिन्छ । यही गुफा नजिकै पूर्वी भेगमा मैनामैनी भएको (सगरमाथा, २०७० : ४३) ।

## शितलगढी

त्रियुगा नगरपालिका वडा नं १ जोगीदहमा अवस्थित शितलगढी पुरानो वनदुर्गको भग्नावशेष भएको चुरे पहाडको शिखरस्थित यस गढीमा इँटा (२५.५ x २२.५ x ५ से.मि, २५ x१९ x ५ से.मि) भेटिएको । दक्षिणपूर्वी जङ्गलको भागको अर्को डाँडामा ढुङ्गाको गढी छ (सगरमाथा, २०७० : ४६) ।

## हेरनाहपथरागढी

चौदण्डी नगरपालिका वडा नं. ४ सुन्दरपुरको दक्षिण घना जङ्गलमा पर्दछ । चारैतर्फ ५ फिटको स- साना ढुङ्गाको पर्खाल लगाइएको छ ।यसको उत्तरपूर्वी भागमा पाण्डववास(सिराथान)मा ईंटाको भग्न खण्डहर भएको । यहाँ ईंटा (२० x १३ x ५ से.मि.) र टायल भेटिन्छ (सगरमाथा, २०७० : ४९) । यी पुरातात्विक स्थलहरुको अध्ययन अनुसन्धान गरी उत्खनन् कार्य भएमा नेपालको इतिहासमा थुप्रै पानाहरु थपिने विश्वास गर्न सकिन्छ । यसै गरी मैनामैनी स्थानको पार्वती, शिवलिङ्ग, वसाहा, स्वामीकार्तिक, नन्दी भृङ्गी मूर्तिहरु र ईंटाहरु लिच्छविकालका भएको प्रमाण तामाको कराईमा उत्किर्ण "देवोदेव" वाट थाहा हुन्छ । यसैको आसपासको सेतीखोलाको महाकांलको वाराही, हडीया क्षेत्रको कुन्ती गुफाका प्रस्तर आकृतिहरु, देवधारा र वसाहास्थानका मूर्तिकलाको पुरातात्विक दृष्टिकोणले अध्ययन गर्नु पर्ने महत्वपूर्ण स्थलहरु हुन् ।

## निष्कर्ष

मढगडामा दुई हप्ताभन्दा कम समयमा परिक्षण उत्खनन् गर्दा पूर्वतर्फ ३.७० मि. लामो, दक्षिणतर्फ ९.२५ मि.लामो, पश्चिमतर्फ ९.२५ मि. लामो र उत्तरतर्फ ३ मि. लामो गारो शिवमन्दिरको पेटीभित्र गएको देखियो । गारोको चौडाइ पूर्वमा १.०२ मि. थियो भने दक्षिण र पश्चिममा १.२० मि. थियो । दक्षिण र पश्चिमको गारो ९.२५ मि.भएकोले उत्तर र पूर्व पनि ९.२५ मि. लामो गारो भएको अनुमान गर्न सकिन्छ । यति ठूलो कोठाको संरचना पाइएकोले यो भग्नावशेष अन्यत्र पनि फैलिएको हुन सक्छ । दक्षिण पश्चिमको जग हेर्ने क्रममा दक्षिण तर्फ १९ सलको अर्को गारो भेटिएकोले अन्य स्थानमा पनि संरचना भएको पुष्टि हुन्छ । उत्खनन्मा विभिन्न नापका ईंटाहरु फेला परेको थियो । ती ईंटाहरुको नाप यसको आसपासमका क्षेत्रहरुमा भेटिएका ईंटाहरुको नापसंग मेल खादैन ।माटाका भाँडाकुडाहरु साह्रै थोरै पाइएका छन् । जति पाइएका छन्, सबै रेड वेयर टाइपका छन् । माटोको गाग्रीको मुखको टुक्रा, ढकनी, घोडा, भाँडाको टुक्राहरु प्राप्त भएका थिए । प्रस्तरको आसन दुई टुक्रा भएको प्रस्तर( ६५ x ३१ x ४ से.मि.) रुखको फेदिमा मिलाएर राखिएको छ । मिति भएको

सिक्का या अभिलेख भएका कुनै सामाग्री नभेटिएका कारणले काल निर्धारण गर्न गाह्रे छ । प्रशस्त भाँडाकुँडा र एण्टिक्यूटी पनि नआएकोले तुलनात्मक काल निकाल्न पनि कठिनाई छ । हुन त पन्ध्र दिनको काममा यी सब नतिजा आउछ भन्नु पनि बढी महत्वाकांक्षी हुने देखिन्छ । मुढगडाको चारैतिर एरिया उत्खनन् गरेमा अवश्य कुनै महत्वपूर्ण उपलब्धि हुन्छ भन्न विश्वास चाहिं गर्न सकिन्छ । सर्वेक्षण गर्दा शिवमन्दिरको पूर्वतिर रहेको प्रतिक्षालय तथा आवासगृहमा ईंटाको गारोहरु भएको थाहा पाइएको छ । जग हेर्दा एउटा गारो दक्षिणमा भेटिएको उल्लेख भई सकेको छ । यस पटकको उत्खनन्मा भेटिएको महत्वपूर्ण उपलब्धि भनेको ईंटाको संरचनानै हो। ९.२५ मि. x ९.२५ मि.को गारोको कोठा ठूलो छ । भूँई हेरेको छैन । टाउको काटिएको मूर्तिहरु गारोको सतहबाटै प्राप्त भएकोले धेरै तल पुरिएको देखिएन । स-साना मूर्तिहरु देख्दा ठूलो फलकको मूर्तिहरु काटेर तोडफोड गरेको जस्तो देखिन्छ । मुसलमान शासक शमसुद्दिन इलियासले वि.सं. १४०२ मा काठमाडौं आक्रमण गर्दा यहाँ पनि आक्रमण गरी ध्वष्त गरेको हुन सक्छ ।

उदयपुरको आसपासका क्षेत्रहरु खोकसार चन्द्रभागा, खप्टेडाँडा, धनुषाको जमुनाखोलामा पत्ता लागेको मुखियापट्टी भग्नावशेष, वराहक्षेत्र, धनकुटा जिल्लाको डाँडाबजारमा प्राप्त वासुदेवको मूर्ति, इनरुवाको नरसिंह मूर्ति, भेडियारी, किचकवध तथा मैनामैनी जस्ता पुरातात्विक स्थलहरु जुन गुप्तकाल भन्दा प्राचीन भएकाले मुढगडाको सभ्यता पनि प्राचीन हुन धेरै संभव छ । यसलाई पुष्टि गर्न विस्तृत उत्खनन् पछि मात्र सकिने हुँदा अहिलेलाई यति नै अडकल गर्नुपर्ने हुन्छ । भेडियारी र किचकवध उत्खनन्लाई शुङ्गकाल भनिएको छ भने खोकसारलाई कर्णाटक संस्कृति भनि उल्लेख गरिएको पाइन्छ । तर खोकसारको क्षेत्रफल र परिक्षण उत्खनन्बाट गुप्तकालसम्म पुग्ने संकेत पाइएको छ । यसको उत्खनन् कार्य योजनावद्ध ढंगले अझै सम्म गरिएकै छैन ।

वराह क्षेत्रमा वुधगुप्तको ताम्र अभिलेख प्राप्त छ । मैनामैनीलाई कालीदाशको कुमारसंभवमा शिवपार्वतीको विवाहस्थल भनिएको छ । यहाँ भएको तामाको कराईमा देवोदेव लेखिएको अभिलेख भेटिएको छ । तसर्थ मुढगडामा काटिएको मूर्तिहरुको स्वरुप हेर्दा लिच्छविकालका मूर्तिहरु हुन सक्ने संभावना धेरै छ । यद्यपि विस्तृत उत्खनन् गरी अध्ययन अनुसन्धान नभए सम्म अहिले नै ठोकुवा गर्न गाह्रो छ । यो संरचना के कति प्रयोजनको लागि कसले कहिले निर्माण गरेको भन्ने धेरै प्रश्नहरुको उत्तरको लागि पनि योजनाबद्ध ढंगले उत्खनन् गर्दै जानु अत्यावश्यक छ । त्यसपछि मात्र उपर्युक्त प्रश्नहरुको जवाफ पाइने आशा गर्न सकिन्छ ।

खाट मन्दिरको उत्खनन्मा ईंटाको भग्नावशेष हेर्दा कुनै सानो संरचना बनेको अनुमान लगाउन सकिन्छ । तर अहिले पूर्वपट्टि रुखमा बाहेक अन्यत्र इंटाको अवशेष पाइन्न । भूँईमा कतै कतै मात्र ईंटाका टुक्रा पाइयो । पहिले प्रस्तरको खाट खुलास्थानमा भए पनि पछि मन्दिर बनाएर भित्र राखिएको पाइयो । मन्दिर बाहिर सानो आकारको प्रस्तर खाट पनि छ । यस्तो प्रस्तर खाट हनुमानढोका दरबारको मोहनचोकस्थित सुन्धारा र पाटन दरबारको सुन्दरीचोकमा सत्रौं शताब्दीमा राखिएका अझै पनि देख्न सकिन्छ । हनुमानढोका दरबारमा मल्लकालको र पाटनदरबारमा सिद्धिनरसिं मल्लले स्थापना गरेका थिए ।

## सन्दर्भ सामग्रीसूची


उपेन्द्र, ठाकुर (१९८८). *हिस्ट्री अफ मिथिला.* दरबङ्गा : मिथिला इस्टिच्युट ।

कोइराला, मातृकाप्रसाद (२०४६). *मौरुन्डाई को थिए ? कोशीको कथा.* विराटनगर : प्रतिभा पुरस्कार प्रतिष्ठान, पृ.२१

खनाल, मोहनप्रसाद (मिति ....). *पूर्वी नेपालका वासुदेव मूर्ति. कन्ट्रिव्युसन टु नेपलिज स्टडिज.* Contributions to Nepalese Studies कीर्तिपुर पृ. ३११- ३२२

चेम्जोङ, कौशल (२०७८). *उदयपुरको इतिहास.* उदयपुर : त्रियुगा अनुसन्धान केन्द्र ।

जोशी, कुमारलाल (सन् १९९७). पृथ्वीमा मानवको आगमनः वनमानुषदेखि आधुनिक मानवसम्म एक चर्चा. *कन्ट्रिव्युसन टु नेपलिज स्टडिज.* सिनास । Contributions to Nepalese Studies, CNAS, Kirtipur 1997 p.no. 81

त्रिपाठी, चन्द्रप्रसाद (२०६१). नेपाली पुरातत्वमा पछिल्ला केही उपलब्धिहरु. (अप्रकाशित) ।

त्रियुगा नगर पलिका (२०७९). *पर्यटन प्रोफाइल.* उदयपुर : त्रियुगा नगरपालिकाको कार्यालय गाईघाट ।

थापा, रमेशजङ्ग (२०३४). इनरवाको नरसिंह. *प्राचीन नेपाल.* संख्या ४०, काठमाडौं : पुरातत्व विभाग । पृ. ५

थापा, रमेशजङ्ग (२०३५). बराहक्षेत्रको प्राचीनतम वराहमाथि एक संक्षिप्त टिप्पणी. *प्राचीन नेपाल.* संख्या ४३-४५, काठमाडौं : पुरातत्व विभाग. पृ.१९

पुरातत्व विभाग. (२०४२). *प्राचीन नेपाल* (संख्या ९०). काठमाडौं : पुरातत्व विभाग ।

पुरातत्व विभाग (२०७०). सगरमाथा अञ्चलका वर्गीकृत सांस्कृतिक सम्पदाहरुको विवरण. काठमाडौं : पुरातत्व विभाग ।



**मुढगडामा उत्खनन् गर्दा फेला परेको संरचना**



**खाट मन्दिरको प्रस्तरको खाट**